'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'

www.namastekarnali.com

# नमस्ते कर्णाली

Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ अंक : १३७ आइतबार २८ पुष, २०८१ 12 (Sunday) January 2025 पृष्ठ ४, मूल्य रु : १०।-

### डाइनामिक भनिएकाका प्रमुखको पालिकामा

## आन्तरिक आय र विकास खर्च दुबैमा निरासाजकन परिणाम

■ नमस्ते समचारदाता

कोहलपुर, पुष/२७



शुक्रबार शुरु भई शुक्रबार नै सम्पन्न भएको कोहलपुर नगरपालिकाको १६ औं नगर सभामा प्रस्तुत गरिएको आर्थिक वर्ष २०८१/०८२ को अर्धवार्षिक समीक्षा प्रतिवेदनले वर्तमान कोहलपुर नगरपालिकाको धेरैले शुरुमा आशा गरेको युवा नेतृत्वको कार्यकुशलता र नगरपालिकाको समग्रह प्रणालीमा प्रभावकारीताको हिसाबमा जाँच्दा कमजोर क्षमता देखिएको छ। कोहलपुर नगरपालिकाले १६औँ नगर सभामा प्रस्तुत गरेको अर्धवार्षिक (मध्यवधि) समीक्षा अनुसार नगरपालिकाको बजेट खर्च र आन्तरिक आय दुबै तर्फ निरासाजनक अवस्था देखिएको हो । १६औँ नगर सभामा नगर उपप्रमुख संगीता सुवेदीले आर्थिक वर्ष २०८१/०८२ को संशोधित बजेट अनुमान तथा प्रगति प्रतिवेदन प्रस्तुत गरेकी थिइन्। उपप्रमुख सुवेदीले चालु आर्थिक वर्षका लागि चालू खर्चतर्फ प्रस्तावित रु ७२ करोड ७८ लाख ७० हजार रकम विनियोजन भएको तथा पुँजिगततर्फ रु ३९ करोड १९ लाख ३० हजार रकम विनियोजन गरिएको प्रतिवेदन प्रस्तुत गरेकी छन् । कोहलपुर नगरपालिकाले १५औँ नगर सभामा चालू तथा पुजिगत गरी कूल रु १ अर्ब ११ करोड ९८ लाख रकम अनुमोदन भएको थियो। हालसम्म चालूतर्फ कुल बजेटको ३४.५७ प्रतिशत मात्रै बजेट खर्च भएको छ । नगरपालिकाले अहिलेसम्म चालूतर्फ कुल रु २५ करोड ५५ लाख ८८ हजार २ सय ४९ रूपैयाँ ४७ पैसा मात्रै खर्च गर्न सकेको छ । यस्तै पुँजिगत तर्फ जम्मा २०.५१ प्रतिशत बजेट खर्च भएको समीक्षा प्रतिवेदनमा उल्लेख गरिएको हो । हालसम्म पुजिगततर्फ जम्मा रु ७ करोड ९७ लाख ९७ हजार ९ सय ६८ रूपैयाँ खर्च भएको छ। यसरी कोहलपुर नगरपालिकाको अर्धवार्षिक समीक्षा हेर्दा नगरपालिकामा विकासको गति निरासाजनक देखिन्छ । उपप्रमुख सुवेदीले नगरसभामा प्रस्तुत गरेको प्रतिवेदनमा नेपाल सरकारको अनुदान कटौती, आन्तरिक आयको कम असुली हुन र दायित्व बढ्दै जानुका कारणले योजनाहरुको कार्यान्वयनमा प्रतिकुलता देखिएको स्वीकार गरिएको छ । चालू आवमा नगरपालिकाले रु १४ करोड आम्दानी हुने लक्ष्य राखेको थियो। तर हालसम्म जम्मा रु ४ करोड मात्रै आम्दानी भएको देखाइएको छ । आर्थिक वर्ष २०८१/०८२ को कुल अनुमानको २८.५७ प्रतिशत मात्र आन्तरिक आय असुल भएको देखिएको छ । नगरसभामा सुवेदीले संशोधित बजेट विनियोजन र स्रोतको व्यवस्था सम्बन्धि योजना समेत प्रस्तुत गरिन् । चालू आर्थिक वर्षको नीति तथा कार्यक्रम कार्यान्वयन गर्न नेपाल सरकार तथा लुम्बिनी प्रदेश सरकारबाट प्राप्त भएको सशर्त अनुदान, वित्तीय हस्तान्त्रणबाट प्राप्त वित्तीय समानीकरण अनुदान र नगरपालिकाको चालू आवका अनुमानित आन्तरिक आयसमेत आधारमा तर्जुमा गरिएका कार्यक्रम कार्यन्वयनको चरणमा रहेको बताइन । उप्रमुख सुवेदी आर्थिक वर्ष २०८१/०८२ मा स्थानीय पूर्वाधार सहयोग कार्यक्रम अन्तर्गत विभिन्न योजना र कार्यक्रमहरू सञ्चालनका गर्न करिब ३ करोड बजेट प्राप्त हुने अनुमान रहेको र त्यसको लागि कार्यविधि अनुसार कार्यपालिकाबाट निर्णय भै स्वीकृतिका लागि अन्तिम चरणमा रहेको र स्वीकृत पश्चात आवश्यक कार्यान्वयन गरिने बताएकी छन् ।

## करोडौं लगानीमा "स्मार्ट कृषि गाउँ कार्यक्रम"

■ नमस्ते समचारदाता

प्युठान, पुष/२७



लुम्बिनी प्रदेश सरकारको स्मार्ट कृषि गाउँ कार्यक्रम अन्तर्गत ऐरावती गाउँपालिका ६ मा स्मार्ट कृषि गाउँ कार्यक्रम लागु भएपछि किसानहरू व्यावसायिक तरकारी खेतीमा लागेका छन्। उक्त वडामा बिजुलीकोट स्मार्ट कृषि गाउँ कार्यक्रम सञ्चालन भएपछि किसानहरू व्यावसायिक तरकारी खेतीमा जोडिएका हुन् । चार वर्षसम्म सञ्चालन भएको कार्यक्रमबाट गाउँमा ६९ वटा पक्की टनेल र ६३ वटा कच्ची टनेल, १२ वटा सिँचाइ कुलो निर्माण, ९ वटा पक्की सिँचाइ पोखरी निर्माण, ३७ वटा मिनिटिलर वितरण भएको बिजुलीकोट स्मार्ट कृषि गाउँ कार्यक्रमका अध्यक्ष श्याम थापाले जानकारी गराए । कार्यक्रमले किसानलाई व्यावसायिक रूपमा तरकारी खेती गर्नका लागि आवश्यक पूर्वाधार उपलब्ध गराएको थापाले बताए । जस अन्तरगत टनेल निर्माण, मिनिटेलर, क्यारेट लगायतका सामाग्री उपलब्ध भएका छन् । त्यसैगरी किसानले विभिन्न तालिम, परामर्श समेत पाएका छन् । उक्त कार्यक्रम अन्तर्गत २ करोड ११ लाख ५४ हजार रुपियाँको कार्यक्रममा प्रदेश सरकारले १ करोड १५ लाख रुपियाँ लगानी गरेको थियो । प्युठानकै माण्डवी गाउँपालिका २ मा मर्कावाङ स्मार्ट कृषि गाउँ कार्यक्रमबाट टमाटर खेती गर्ने किसान लाभान्वित भएका छन्। राम्रो टमाटर उत्पादन हुने मर्कावाङमा कार्यक्रमले किसानलाई आवश्यक पर्ने थप पूर्वाधार र कृषि सामाग्री उपलब्ध गराएर सहयोग गरेको किसान हेमराज अधिकारीले बताउछन् । अधिकारीले भने "पूर्वाधारको क्षेत्रमा यो कार्यक्रमले धेरै सहयोग भएको छ। मेसिन औजार समेत उपलब्ध हुँदा खेती गर्न सजिलो भएको छ।" जिल्लामा ०७५/०७६ बाट स्मार्ट कृषि गाउँ कार्यक्रम लागु भएको हो । चार वर्ष अवधिको उक्त कार्यक्रम अन्तर्गत किसानले तरकारी, फलफूल, बाख्रापालन गरेका छन्। जिल्लाका ९ वटै स्थानीय तहमा सञ्चालन भएको कार्यक्रम ०८०/०८१ देखि सम्पन्न भएको एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय प्युठानले जनाएको छ । प्रदेश सरकार, स्थानीय तह र कृषकको साझेदारीमा कार्यक्रम सञ्चालन भएको कार्यालयका निमित्त प्रमुख उमेशचन्द्र श्रेष्ठले बताए। स्मार्ट कार्यक्रमबाट प्रदेश सरकारबाट करोडौं रुपियाँ लगानी भएको छ। प्रत्येक स्मार्ट कार्यक्रममा करोड बढीको प्रदेश सरकारको लगानी रहेको श्रेष्ठको भनाइ छ । सरुमारानी गाउँपालिकामा पूरा वर्ष कार्यक्रम सञ्चालन नभए पनि अरू पालिकामा कार्यक्रम अवधिभर सञ्चालन भएको उनले बताए। यो वर्ष स्मार्ट गाउँ कार्यक्रमलाई स्थानीय तहमा हस्तान्तरण गर्ने योजना रहेको समेत श्रेष्ठको भनाइ छ । कार्यक्रम सकिएपछि किसानलाई कृषि व्यावसायमा निरन्तर जोड्नका लागि सहकारीको अवधारण समेत अघि बढाइएको छ । बिजुलीकोट स्मार्ट कृषि सहकारी स्थापना गरेर सबै किसानलाई सहकारीमा आवद्ध गराएको अध्यक्ष थापाले बताए ।

## दलित महिलाको सशक्तिकरण र नेतृत्व विकासमा कोहलपुरको पहल

■ नमस्ते समचारदाता

कोहलपुर, पुष/२७



कोहलपुर नगरपालिका वडा नं. १३ मा दलित महिलाहरूको नेतृत्व विकास र सशक्तिकरणका लागि तीन दिने अभिमुखीकरण तालिम सम्पन्न भएको छ। संगम मिडिया हबको आयोजनामा सम्पन्न यस तालिमले महिलाहरूलाई आत्मनिर्भर, आत्मविश्वासी र नेतृत्वदायी बनाउने उद्देश्यका साथ कार्यक्रम अघि बढाएको थियो । कार्यक्रमका प्रमुख अतिथि वडा नं. १३ का अध्यक्ष डम्बर खड्काले महिलाहरूको सशक्तिकरणले समाजको समग्र विकासमा ठूलो योगदान दिने बताएका छन् । "महिलाहरूलाई सशक्त बनाउन यस्ता तालिमले महत्त्वपूर्ण भूमिका खेल्छ," उनले भने । "यो केवल तालिम मात्र होइन, यो उनीहरूको अधिकार प्रति सचेत बनाउने र नेतृत्वदायी भूमिकामा स्थापित गर्ने बाटो हो ।" महिला सदस्य रुद्रकली विश्वकर्माले आफ्नो अनुभव साझा गर्दै महिलाको आर्थिक, सामाजिक, र राजनीतिक सशक्तिकरणका लागि निरन्तर प्रयास गर्नुपर्नेमा जोड दिइन्। उनले भनिन्, "तालिमले महिलाहरूलाई आफ्नो क्षमता चिन्न र समाजमा आत्मनिर्भर बन्न उत्प्रेरित गर्छ । यसले महिला नेतृत्वको लागि बलियो जग तयार गर्छ।" महिला सदस्य गोमा खनालले यस्ता तालिमहरूले महिलाहरूलाई न केवल आत्मविश्वास जगाउने तर आफ्ना समस्या पहिचान गरी समाधान गर्न सक्षम बनाउने बताइन् । उनले भनेकी छिन्, "हाम्रो समाजमा दलित महिलाहरूले धेरै चुनौतीहरूको सामना गर्दै आएका छन् । यस्ता कार्यक्रमहरूले उनीहरूको आवाज बुलन्द बनाउन सहयोग गर्छ।"

बाँकी ३ पेजमा...

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
व्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

**सत्यवाणी :**

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय



## नेताहरु नै “नीतिगत भ्रष्टाचार”को पक्षमा

प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समिति अन्तर्गतको उपसमितिले अख्तियार दुरुपयोग अनुसन्धान आयोग तेस्रो संशोधन विधेयकमा मन्त्रिपरिषद् बैठकका निर्णयमाथि पनि अनुसन्धान गर्न सकिने प्रावधान राखेको थियो। तर यसमा प्रमुख सत्तारुढ दलका शीर्ष नेताहरुले नै असहमति व्यक्त गरेपछि समितिको छलफलमै प्रवेश गर्न सकेको छैन । आखिर के हो त नीतिगत भ्रष्टाचार ? आम जनताले जान्न जरुरी छ। नीति निर्माण प्रक्रियामै हुने भ्रष्टाचारलाई नीतिगत भ्रष्टाचार भनिन्छ। व्यापारिक घराना, ठेकेदार लगायत सत्तासँग पहुँच भएका प्रभावशाली व्यक्ति तथा स्वार्थ समूहहरूको दबाब र प्रभावमा निर्णय गर्नु नीतिगत भ्रष्टाचार हो। अहिले गरिने त्यस्ता धेरै निर्णयमा दबाब समूहको स्पष्ट स्वार्थ देखिन्छ भने राजनीतिक नियुक्तिहरुमा पारदर्शिता र जवाफदेहिता प्रायः सुन्य रहन्छ । राजनीतिक दलहरूको चुनावी खर्चको व्यवस्थापन र शक्तिकेन्द्रहरूको सन्तुष्टिका लागि सरकारी निर्णय प्रभावित हुने गरेका छन् । सार्वजनिक खरिद प्रक्रिया प्रायः अपारदर्शी नै हुने गरेको छ। महत्वपूर्ण परियोजनाहरूमा राजनीतिक नेताहरू, कर्मचारीतन्त्र र व्यापारिक घरानाबीचको साँठगाँठले सार्वजनिक सम्पत्तिको दुरुपयोग भइरहेको हुन्छ। यो जनताले नाङ्गो आँखाले देखेको तथ्य मात्र होइन, विभिन्न अन्तर्राष्ट्रिय संस्थाहरुले गरेको अध्ययनबाट आउने प्रतिवेदनको निष्कर्ष पनि यही हो। ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई)ले प्रत्येक वर्ष सार्वजनिक गर्ने प्रतिवेदनमा नीतिगत भ्रष्टाचारलाई प्रमुख प्रवृत्तिको रुपमा इंगित गर्ने गरेको छ। उसले भ्रष्टाचार रोक्न नीतिगत निर्णयहरु पारदर्शी र जवाफदेही हुनुपर्ने बताउँदै आएको छ। भ्रष्टाचारविरुद्धको राष्ट्रसंघीय महासन्धिले कुनै पनि तरिकाको भ्रष्टाचारलाई दण्डनीय अपराधका रूपमा व्याख्या गरेको छ। जसले आफूलाई कुनै पनि अनुचित लाभ मिल्ने गरी निर्णय गर्नमा रोक लगाएको छ र सदस्य राष्ट्रहरुलाई महासन्धि कार्यान्वयनका लागि आवश्यक कानुन बनाउन भनेको छ। त्यसो त राजनीतिक हिसाबले पनि हामी लोकतान्त्रिक गणतन्त्रमा छौं। गणतन्त्र भनेको सबैले समान अधिकार र दायित्व पालना गर्ने व्यवस्था हो। कुनै पनि उच्च पद वा त्यसको अधिकार प्रयोग गरेर आफूलाई निहित स्वार्थ पूरा हुने गरी निर्णय गर्न गणतान्त्रिक मूल्य मान्यताले दिंदैन।

सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!

यस गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि. शाखा कार्यालय कोहलपुर ३ पेलेनचोकमा उद्घाटन को अवसरमा विभिन्न कोर्षमा ५०% छुटमा विभिन्न कक्षाहरू संचालन हुन गहिरहेको हुदा तालिम लिन चाहनुहुने व्यक्तिहरूले सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

तालिमहरु / सिट

बेसिक कम्प्यूटर (Basic Computer) ७० सिट
अंग्रेजी भाषा (English Language) ५० सिट



डिप्लोमा कम्प्यूटर (Diploma Computer) ५० सिट
Online Package (Email/internet) ३० सिट


तपशिल
फारम भर्ने अन्तिम मिति :-
भर्ना मिति :-
कक्षा संचालन मिति :-

फारम पाइने स्थान
गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि.
प्रधान कार्यालय : कोहलपुर-११, गोलपार्क, बाँके
शाखा कार्यालय : कोहलपुर-३, पेलेनचोक, बाँके
सम्पर्क नं. ९८४७२४६९०३, ९८६८३७०८०५, ९८६९९६८१६५ goldengate2075@gmail.com

# सफलताको बाटो धैर्य र संयम

नवराज रिजाल

**कुनै पनि असल नागरिक आआफ्ना मुलुकका सीमा सुरक्षा गर्ने जिम्मेवार सिपाही हुन् । ती आफ्ना पुर्खाहरूले रगत पसिना बगाएर निर्माण गरेको देशको विपक्षमा उभिन सक्दैनन् ।**




मानव जीवनको पलपलमा धैर्य र संयमको विशिष्ट महत्व छ। ती दुईको अपरिहार्यता बुझेर स्वकर्ममा लागेका वा लाग्न चाहनेहरूले उन्नतिको शिखर चुमेका छन् । यसरी शिखर चुम्नेहरूको संख्या उल्लेख्य छ । धैर्य र संयम् आत्मसात् नगर्ने वा नगरेका पनि छन् । तर ती स्थिर बनेर बसेका छन् । जीवन एउटा यात्राको नाम हो र यो सधैँ चलायमान रहन्छ । सकारात्मक रूपमा चलायमान नभएका तथा धैर्य र संयम गुमाउने ठाउँ ठाउँ वा गल्ली गल्लीमा छोडिएका छन् । छोडिएका कारण पछिको पछि छन् । पछि परेकैले जीवनभर पश्चतापको आहालमा डुबेको देखिन्छ । यसर्थ हरेक सफलता र खुसीका लागि जीवनका क्षण क्षणमा धैर्य र संयम हुनु आवश्यक छ । धैर्य र संयम गुमाएकाहरू जीवनभर पीडा र व्यथा बोक्न विवश भएका कैयौँ उदाहरण आँखा अगाडि छन् । ती ठाउँ ठाउँ र बस्ती बस्तीमा भेटिन्छन् । विगत फर्काउने कुनै शक्ति र सामर्थ्य बाँकी हुँदैन । विगत सधैँ विगत रहने हुँदा वर्तमानसँग दाँज्न नसकिएको हो । धैर्यको अर्थ विपत्ति तथा सङ्कट पर्दा नआत्तिने गुण, स्थिर र शान्त भएर रहेको अवस्था तथा धीरता र स्थिरता हो । यसैगरी संयम भन्नाले व्यावहारिक दृष्टिले आफूलाई अनुचित काममा प्रवृत्त हुनबाट बचाउनु भन्ने बुझिन्छ । अर्थात् जो आफैँसँग अधैर्य छ, असंयम छ, असन्तुलित छ, जीवनको वास्तविकता बुझ्दैन तथा समय र परिस्थितिको मूल्याङ्कन गर्न असमर्थ रहन्छ, त्यसलाई धैर्य र संयम गुमाइरहेको एउटा अवस्था मान्न सकिन्छ । यस्ता व्यवहारतिर अग्रसरहरू नकारात्मक भाव छोडेर सकारात्मक भाव आत्मसात् गर्नेतर्फ ध्यान दिँदैनन् । उनीहरूका अगाडिका बाटा सजिला वा सहज हुँदैनन् । चाहेर होस् वा नचाएर जीवन बाँच्ने क्रममा धेरैभन्दा धेरै अप्ठेरा/असजिला कुरालाई पनि सहजतापूर्वक स्वीकार्नु पर्ने हुन्छ । सोच्दै नसोचेको बाटोमा हिँड्न बाध्य हुनुपर्ने अवस्था आउन सक्छ । यसर्थ ती यथार्थता मनन गर्दै अगाडिका बाटा तय गर्नेहरू सफलताका र नगर्नेहरू असफलताका प्रतिस्पर्धी हुने गर्छन् । हाम्रा आँखामा जो जति सफल देखिन्छन् वा प्रगति पथमा अगाडि बढिरहेका हुन् भन्ने लाग्छ तिनीहरूको जगमा संयम र धैर्यले महत्वपूर्ण काम गरेको हुन्छ । संयम र धैर्य भएकाहरूले मात्र सफलता हात लगाएका छन् । ती नभएकाहरू पश्चातापको माला घाँटीमा बेरेर आफैँभित्र हराइरहेछन् । संयम र धैर्य आत्मसात् गरेकाहरूले पछि फर्किरहनु पर्दैन । जीवनको हरेक पलमा खुसी, सुखी र सन्तुष्ट रहन सक्छन् । सधैँ संयम र धैर्य आत्मसात् गर्नु आवश्यक छ । नगरे क्षण क्षणमा दुर्घटनामा पर्ने सम्भावना रहन्छ । हाम्रा आँखाले यस्ता धेरै दुर्घटना देखेका छन् । ती यथार्थ मन मुटुमा राखेर भविष्यको भावी योजना बनाउनु आवश्यक छ । मन सहज, सरल, उर्वर र गतिशील नबनाएकै कारण भविष्य अनिश्चित हुने सम्भावना प्रबल रहने हो । अनिश्चित भविष्य भएकाबाट सफल र प्रभावकारी काम हुन सक्दैन । तिनीहरूबाट बनाइएका योजना नकारात्मक र गतिहीन बन्ने सम्भावना प्रचुर रहन्छ । हाम्रो दृष्टि यतातिर जान सकिरहेको छैन । किनकि धैर्य र संयमलाई सामान्य कुरा ठानिरहेका छौँ । वर्तमानलाई सबैथोक देखिरहेका छौँ । वर पर वा तल माथि हेरिरहेका छैनौँ । विगत थियो र भविष्य पनि छ, मनमा सोचसमेत आउन सकिरहेको छैन । जे हो आज हो र जे गर्नु पर्छ आजै गर्नु पर्छ, यही भनिरहेका छौँ । भनाइ र गराइमा निकटको सम्बन्ध छ । मन मस्तिष्क अलि पर जान सकिरहेको छैन । यही सेरोफेरोमा घट्ट भैँ घुमिरहेछ । यस्तै प्रवृत्ति र चिन्तनका कारण अधैर्य तथा असंयमले मनभित्र बास मात्र नपाएर राजसमेत गरिरहेको हो । वर्तमान आज भए पनि यो नै सबैथोक होइन । हिजो भूत थियो र भोलि भविष्य हुने छ यता गएकै छैनौँ । जानु पर्छ, सोच मनका गह्वाहरूमा उमार्न सके अधैर्य र असंयम हामीभित्र प्रवेश गर्न सक्दैनन् । हामी गौँडा गौँडा र बिसौनी बिसौनीमा पटक पटक चुकिरहेका छौँ । यही कारण सफलता टाढाभन्दा धेरै टाढाको वस्तु बनिरहेको हो । मनमा धैर्य र संयम राखी आत्मविश्वास बोकेर कर्म पथमा अगाडि बढ्न सके सफलता टाढाको वस्तु हुँदै होइन । यी सबैको जगमा धैर्य र संयमको महत्वपूर्ण भूमिका छ । यो कुरा मनमा राखेर हिँड्न सके पछाडि फर्कनुपर्ने अवस्था आउने सम्भावना अत्यन्त कम छ । जीवनका प्रत्येक मोडमा संयम र धैर्यको खाँचो उत्तिकै छ । एक क्षेत्र वा एक भागमा मात्र पटक्कै होइन । असंयम र अधैर्यले बनाउने काम गतिहीन मात्र हो । आज जताततै असंयमता र अधैर्यता सर्वसुलभ सुलभ रूपमा उपलब्ध छन् । हुर्कन र बढ्न हामी मलजल गरिरहेका छौँ । आजका मानिसका मनबाट संयम र धैर्यको मात्रा क्रमशः घटिरहेका कारण असंयम र अधैर्यको मात्रा क्रमशः बढिरहेको हो र यिनीहरू राज गर्नेतिर अग्रसर बनेका हुन् । धैर्य र संयम् असफल भएपछि मनमा नकारात्मक भाव वृद्धि हुने हुन् । यसले समाजलाई बिथोल्नुका साथै अराजकता निम्त्याउन पनि सहयोग गर्छ । यो विषयमा सबै क्षेत्र र तह तप्काबाट गहन अध्ययन र विश्लेषणका साथ निराकरणका निम्ति पाइला चाल्नु आवश्यक छ । बेलैमा नसोचिए असंयम र अधैर्यताबाट आउने परिणाम खतरनाक बन्ने सम्भवना प्रबल रहन्छ । त्यो खतरनाक परिणामले गर्ने हानिनोक्सानी एक पक्षमा मात्र नभएर सबैतिर बराबरी हुन्छ । मानिसलाई अधैर्य र असंयम बनाउन आन्तरिक र बाह्य दुवै कारकको महत्वपूर्ण भूमिका हुन्छ । आन्तरिक कारक व्यक्ति स्वयम् तथा उसको घर परिवार हो । त्यो व्यवस्थापनको सही पहलकदमी घर परिवारले मात्र गर्न सक्छ । घर परिवारको सर सहयोग तथा सद्भावबिना समस्या समाधानका उपाय खोज्न सकिँदैन । घर परिवारको उचित रेखदेख र जिम्मेवारी भए यस्ता समस्या अति कम हुन्छन् । अर्को बाह्य कारक हो । यसको क्षेत्र आन्तरिकभन्दा अलि फराकिलो हुन्छ । समाज, साथीभाइ, दौँतरी, देखासिकी, प्रतिस्पर्धा र आलस्यता प्रमुख बाह्य कारक हुन । आन्तरिक तथा बाह्य कारकबाट उत्पन्न असंयमता र अधैर्यता दुवैलाई कम आँक्न सकिँदैन । यति हुँदाहुँदै पनि दुवै कारक नियन्त्रणभन्दा बाहिर चाहिँ हुँदैनन् । जे जसो भए पनि आन्तरिकभन्दा बाह्य कारकमा अधैर्यता र असंयमताको मात्रा अलि बढी हुन्छ । बाह्य कारकमा धेरैतिरबाट खेलिने भएका कारण परिस्थिति अलि जटिल हुन पुगेको हो । यी यावत् समस्याको समाधान बेलैमा नगरिए निम्तिने परिणाम दुःखद हुनेमा कुनै शङ्का छैन । मानिस असंयम र अधैर्य बन्दा क्षणिक लाभ भए पनि दीर्घकालीन रूपमा चाहिँ त्यो केवल हानिकारक मात्र हुन्छ । कुनै पनि असल नागरिक आआफ्ना मुलुकका सीमा सुरक्षा गर्ने जिम्मेवार सिपाही हुन् । ती आफ्ना पुर्खाहरूले रगत पसिना बगाएर निर्माण गरेको देशको विपक्षमा उभिन सक्दैनन् । हामी पनि आआफ्ना देशका जिम्मेवार नागरिक भएका कारण पाइला टेकेको माटोको सर्वोपरि हित र भलाई चिताउनु आवश्यक छ । देशको माटो र सीमाको भलाई नचिताउनेहरू असल नागरिक होइनन् । चौतारामा ठिङ्ग उभिएर वर्तमानतिर आँखा लगाउँदा हिँड्ने भन्दा नहिँड्ने बाटातिर बढी पाइला चलाइरहेका हौँ कि भन्ने आभाष हुन्छ । यसले हाम्रा क्रियाकलाप असहज बन्दै गएको आभाष हुन्छ । आजका हामी धेरैले सहज बाटोतिर आँखा लगाएका छैनौँ । मनस्थिति विकृति उन्मुख हुँदै गए जस्तो लाग्छ । देखाउने देखिने बहानामा वर्षौंवर्ष देखिका उर्वर सोचमा विकृति विसङ्गति उम्रिन लागेका छन् । यिनले अराजकतातिर डोऱ्याउन खोजेको पो हो कि भन्ने पनि भान हुँदै छ । यस्ता काम कुराले अलपत्र बनाउने सम्भावना प्रचुर हुन्छ । बिच बाटोमै हराउने परिस्थिति आउन । बिच बाटो भनेको अलपत्रता हो । त्यसले माझमा उभिएर पनि गन्तव्य पुग्न वञ्चित गरिरहन्छ । त्यसो गर्नेहरू असंयम र अधैर्यका पक्षपाती हुन् । तिनले नकारात्मकतालाई प्रश्रय दिइरहेका हुन्छन् । हामी अगाडि अगाडि पुग्ने बहानामा बेतुकका गालीगलौजमा टीका टिप्पणीमा रमाउन थालेका छौँ । नकारात्मक विषयवस्तुमा टीका टिप्पणी गर्न गर्व सम्झिरहेका छौँ । कुनै पनि अवस्थामा यो सकारात्मक सोच र चिन्तनको विषय हुन सक्दैन । यसले गर्ने भनेको सकारात्मक मनबाट बिस्तारै बसाइँ सारेर नकारात्मक पाटोमा पुऱ्याउने नै हो । अर्थात् मन नकारात्मक बाटोतिर लागिरहेका यो एउटा सङ्केत हो । मनमा बेला बेलामा उत्पन्न हुने असंयम र अधैर्यको परिणामले यस्तो अवस्था उत्पन्न हुन्छन् । वर्तमानको चित्र हेर्दा नकारात्मकताले अझ धेरै राज गर्न खोजिरहेको हो कि भन्ने भान हुन्छ । यो अगाडि बढ्ने बाटो हैन । धैर्य र संयम बोकेर देश बनाएका पुर्खाहरूले देखाएको बाटोबाट हिजो हिँडेका हामी आज कता जान खोजिरहेका छौँ ? यो प्रश्न धेरैतिरबाट उठिरहेको छ । विगत कुरा भुलेर अधैर्य र असंयम बनिरहेका छौँ जस्तो लाग्छ । अधैर्य असंयमले देखाउने बाटो राम्रोसँग जान्दछौँ तर बदल्न चाहिँ किन हो किन आँट गरिरहेका छैनौँ । टाउको हल्लाउँदै पछिपछि लाग्ने प्रवृत्ति बढिरहेको छ । हिजो आज सामाजिक सञ्जालमा सकारात्मक समाचार अति कम देखिन थालेका छन् । एकअर्का विरुद्धका गालीगलौज, छिनाझम्टी, रिस, डाढ, आवेग, घृणा, तिरस्कार, बदलाभाव र कुण्ठा जस्ता कुराले बढीभन्दा बढी स्थान ओगट्न थालेको प्रस्ट देखिन्छ । यी सबै अधैर्य र असंयमताले बनाएका बाटा हुन् । यी र यस्ता बाटाले हामीलाई कहीँ पुऱ्याउँदैनन्, जहाँको त्यहीँ र जस्ताको त्यस्तै छाड्छन् । नकारात्मकता सकारात्मकताको पर्याय कहिल्यै हुन सक्दैन । पछि लागेपछि हाम्रो कर्म त्यही बाटो कुर्नु मात्र हुन्छ । हरेक जीवन यात्रा एउटा महत्वपूर्ण पाटो हो । यसलाई सामान्य नजरले नहेरौँ । जीवनलाई गतिशील, रमणीय र मिठासपूर्ण बनाऔँ । यसका लागि सकारात्मक सोचका साथ संयम र धैर्य बन्नु आवश्यक छ । यसर्थ यी दुई कुरा हरेक जीवनका सफलताका मूल सूत्र हुन् । *-गोरखापत्र*

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्यक्तिगत घटनाहरु भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
नाम्खा गाउँपालिका
हुम्ला

# तस्करी रोक्न सीमा क्षेत्रमा प्रहरीको पैदल गस्ती

नमस्ते समचारदाता

बाँके, पुष/२७

शीतलहर सुरु भएर चिसो अत्यधिक बढेको बेला बाँकेको राप्तीपारी र नरैनापुर क्षेत्रमा तस्करी तथा आपराधिक गतिविधि बढ्न नदिन सशस्त्र प्रहरीले सीमा क्षेत्रमा पैदल गस्ती सुरु गरेको छ। सशस्त्र प्रहरी बल नम्बर ३० हेडक्वाटर बागेश्वरी गण अन्तर्गत रहेको कटकुइया बिओपीले सीमा क्षेत्रबाट हुने तस्करी र आपराधिक गतिविधि नियन्त्रणका लागि सीमा क्षेत्रमा पैदल गस्ती सुरु गरेको सशस्त्र प्रहरी नायव उपरीक्षक गजेन्द्र चन्दले जानकारी गराए। चन्दले सशस्त्र प्रहरी बल नेपालको केन्द्रीय नीति र निर्देशन अनुसार सीमामा पैदल गस्ती सुरु गरिएको जनाउँदै नरैनापुरको घोरदौरिया सीमा स्तम्भबाट सुरु भएको गस्ती भगवानपुर सीमास्तम्भ सम्ममा पुगेर दैनिक रूपमा अनुगमन गरिँदै आएको



बताए। सशस्त्र प्रहरी नायब उपरीक्षक चन्दको कमान्डमा १५ जनाको टोलीले सीमा क्षेत्रको अनुगमन, निरीक्षण र सीमा क्षेत्रका स्थानीयसँग संवादसमेत गर्दै आएको सशस्त्र प्रहरी बल नम्बर ३० गण हेडक्वार्टर बागेश्वरीका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक बिमल डाँगीले जानकारी दिए। डाँगीले पैदल गस्तीमा सीमा स्तम्भको अवस्था र समग्र सीमा क्षेत्रको वस्तुस्थिति बारे समेत अध्ययन गरिरहेको बताए। नरैनापुर गाउँपालिका-४ को नाका घोरदौरिया स्थिति सीमा स्तम्भ ६३८/४ रहेको स्थानबाट पैदल गस्ती सुरु भएर भगवानपुरमा पुगेको थियो। भारतसँग जोडिएको नरैनापुर बिओपीले ६३९/२० सिमा स्तम्भको आठ किलोमिटर सीमा क्षेत्रमा सशस्त्र प्रहरीको गस्ती टोलीले अनुगमन र निरीक्षण गर्दै आएको छ। सीमा स्तम्भको अनुगमन, सीमा क्षेत्रबाट हुने तस्करी, आपराधिक गतिविधि तथा सीमा क्षेत्रका स्थानीयले भोग्नुपरेका समस्याबारे आवश्यक जानकारी लिएर माथिल्लो निकायलाई रिपोर्टिङ गर्ने काम गरिँदै आएको प्रहरी नायव उपरीक्षक चन्दले बताए। सशस्त्र प्रहरी बलको सीमा क्षेत्रमा सुरु भएको पैदल गस्तीले लागुऔषध ओसारपसार, चोरी-तस्करी तथा अन्य अपराधिक गतिविधि नियन्त्रण गर्न सहयोग पुग्ने विश्वास लिइएको स्थानीयले जनाएका छन्।

# बाँकेमा पशुलाई खोरेत रोगविरुद्धको भ्याक्सिन लगाइने

नमस्ते समचारदाता

बाँके, पुष/२७

बाँकेमा खोरेत रोग उन्मूलन गर्न एक लाख पशुलाई भ्याक्सिन लगाउन सुरु गरिएको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र बाँकेले जनाएको छ। भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र बाँकेका प्रमुख कमला अधिकारीले बाँकेमा पशुमा लाग्ने खोरेत रोगको उच्च जोखिम रहेकोले ठुला पशुहरूमा खोरेत रोग लाग्न नदिन जिल्लाभरि नै खोरेत रोग विरुद्धको भ्याक्सिन लगाउने कार्यक्रम शुरु गरिएको बताइन। उनले त्यसका लागि लुम्बिनी प्रदेश सरकारको खोरेतरोग उन्मूलन कार्यक्रम अन्तर्गत पशुहरूमा दिइने भ्याक्सिन डोजका बारेमा स्थानीय सरकारको पशुसेवा



शाखा प्रमुख र भ्याक्सिनेटरको उपस्थितिमा बिज्ञ केन्द्रले अभिमुखिकरण कार्यक्रम गरेर सो बारेमा विस्तृत जानकारी गराएको छ। विज्ञ केन्द्रका प्रमुख अधिकारीका अनुसार पशुहरूमा भ्याक्सिन लगाउनका लागि बाँकेका आठ पालिकाका ५९ जना भ्याक्सिनेटरलाई अभिमुखिकरण गरेर १५ दिनमा एक लाख पशुलाई भ्याक्सिन लगाई सक्नेगरी खटाइएको छ। खोरेत रोग लाग्न नदिने भ्याक्सिन लगाइएपछि त्यसबाट जिल्लामा रहेका पशुहरू स्वस्थ रहन मद्दत पुग्ने विश्वास लिइएको कार्यालय प्रमुख अधिकारीले बताइन। उनले खोरेत रोग लागेका पशुहरूमा मुख पाक्ने, खुट्टाको खुर पाक्ने अथवा घाउ हुने, ज्वरो आउने, दुब्लाउँदै जाने, खाना नखाने जस्ता लक्षण देखिने गरेको जनाउँदै बाँकेका विभिन्न पालिकाका पशुहरूमा यो रोग लाग्ने जोखिम अत्यधिक रहेकोले यो कार्यक्रम सुरु गरिएको धिकारीको भनाइ छ।

# गर्भवती महिलाको हेलिकोप्टरबाट उद्धार

नमस्ते समचारदाता

कालीकोट, पुष/२७

जिल्लाको महावै गाउँपालिका -४ का एक महिलाको हेलिकोप्टरबाट उद्धार गरिएको छ। लामो समय सुत्केरी ब्यथा लागे पनि बच्चा जन्माउन नसकेपछि हेलिकोप्टरमार्फत उद्धार गरी प्रदेश अस्पताल सुर्खेत लगिएको हो। वडा -४ का तुलाराज थापाको श्रीमती वर्ष २३ लालसोभा सिंह (थापा) लाई सुत्केरी ब्यथा लागेको र उहाँलाई आधारभूत स्वास्थ्य चौकी ओदा फाउन्डेसन ल्याउने क्रममा बाटोमा थप समस्या




भएपछि उद्धार गरिएको हो। ओदा फाउन्डेसनले जिल्ला प्रशासन कार्यालयमा बिरामीको अवस्थाबारे लिखित जानकारी गरेपछि महिला उत्थान समन्वय एकाइमार्फत हेलिकोप्टर व्यवस्था भए पनि गर्भवती थापाको समयमै उद्धार गरिएको छ। कालीकोटका प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद भट्टराईले भौगोलिक बिकट्ताका कारण जिल्ला अस्पताल सम्म ल्याउन सडक नभएकाले हेलिकोप्टर मार्फत उद्धार गर्नुपरेको बताउनुभयो। महिलाको अवस्था गम्भीर भएको आधारभूत स्वास्थ्यचौकी र वडा कार्यालयको लिखित जानकारीपछि महिला बालबलिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको राष्ट्रपति महिला उद्धार समन्वय एकाइलाई पत्राचार गरेपछि तत्काल हेलिकोप्टर मार्फत उद्धार गरिएको प्रजिअ भट्टराईले जानकारी दिनुभयो। जिल्ला प्रशासन कार्यालय कालीकोटका कम्प्युटर अपरेटर उज्वलबहादुर शाहीले सम्बन्धित निकायले जानकारी दिने बित्तिकै जिल्ला प्रशासनबाट १५ मिनेटमा प्रक्रिया अगाडि बढ्ने भएकाले गम्भीर प्रकृतिका बिरामी, गर्भवती तथा सुत्केरी महिलाको उद्धारमा सहजता हुने गरेको बताउनुभयो।

# लिमिटेड र हुम्लाका तीन वटा गाउँपालिकासँग सम्झौता

नमस्ते समचारदाता

हुम्ला, पुष/२७

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडसँग रैथाने बाली खरिद बिक्रीका लागि हुम्लाका तीन वटा गाउँपालिकाले सम्झौता गरेका छन्। हिमाली जिल्लामा उत्पादित खाद्यान्न सङ्कलन, मौज्दात ब्यवस्थापन, बिक्री तथा बजारीकरण ब्यवस्थापन गर्न सो सम्झौता गरिएको हो। खाद्य संकटग्रस्त क्षेत्र तथा बित्पन्न जनताको खाद्य सुरक्षाको सुनिश्चिततामा योगदान गर्दै रैथाने बालीको उत्पादनमा बृद्धि र बजारीकरणमा योगदान पुर्याउनका लागि यो सम्झौता हुम्लाका तीन वटा गाउँपालिका संग गरिएको लिमिटेडका प्रमुख कार्यकारी अधिकृत रमेश आचार्यले बताए। यसबाट जिल्लाको स्थानीय स्तरमा उत्पादित खाद्यान्नको आपूर्ति व्यवस्था गराउनुका साथै रैथाने बालीको उपादकत्व वृद्धि र खाद्य सुरक्षामा योगदान पुर्‍याउनका लागि सिमकोट, सर्केगाड र ताँजकोट गाउँपालिकाले लिमिटेड प्रधान कार्यालय काठमाण्डौँसँग सम्झौता गरेका हुन। तीन वटै गाउँपालिकासंग पाँच वर्षका लागि छुट्टा छुट्टै सम्झौता गरिएको छ। दुर्गम क्षेत्रका जनतालाई सहज सुलभ र नियमीत रुपमा खाद्यान्न उपलब्ध गराउन नेपाल खाद्यको बिक्री तथा खरिद कक्ष स्थापना,



खाद्यान्नको मौज्जात व्यवस्थापन, ढुवानी, विक्री तथा बजारीकरण प्रभावकारी बनाउन सहकार्य गर्ने, स्थानीय स्तरमा उत्पादन हुने वालीहरुको संकलन, बजारीकरण विक्रीको सुनिश्चितताका लागि सहकार्य तथा बजारीकरण गर्ने सम्झौताको उद्देश्य रहेको छ। कम्पनीले हुम्लामा उत्पादित चिनो, कागुनो, भटमास, कोदो, फापर, मार्सी चामल लगायतका रैथाने खाद्यान्न बालीको बजारीकरण गर्ने उहाँले बताउनुभयो। कम्पनीले सिमकोट गाउँपालिका सँग रैथाने बाली बजारीकणका लागि सम्झौता गरेको दुई वर्षको समयावधि सकिएको छ। जिल्लाका तीन वटा गाउँपालिकासँग लिमिटेडले यस पटक पाँच वर्षका लागि सम्झौता गरेको छ। आवश्यकता अनुसार परिमार्जन गर्न सकिने सम्झौतामा उल्लेख गरिएको छ। खाद्यान्नको गुणस्तर, मूल्य निर्धारण र ढुवानी मापदण्ड कम्पनीको नियम अनुसार हुने भएको छ। बिक्री कक्षाको सञ्चालन स्थानीय आवश्यकता अनुसार निर्धारण हुने छ। लिमिटेडसंग जिल्लामा उत्पादित रैथाने बालीको उत्पादन बृद्धि, संरक्षण तथा प्रवर्द्धनका लागि खरिद, विक्री सम्झौतामा सिमकोट गाउँपालिका अध्यक्ष बिजय भण्डारी, ताँजकोट गाउँपालिका अध्यक्ष लालकेश जैसी, सर्केगाड गाउँपालिका अध्यक्ष ठान बहादुर रोकायाले हस्ताक्षर गरेका छन्। हुम्लामा उत्पादित खाद्यान्न बालीको बजारीकरणमा समस्या भएपछि कम्पनीले स्थानीय तहसँग सम्झौता गरी काम सुरु गरेको सिमकोट गाउँपालिकाका अध्यक्ष भण्डारीले बताउनुभयो। गाउँपालिकाले कम्तीमा एक ट्रक रैथाने बाली संकलन गरेपछि मात्रै बजारीकरणको प्रक्रिया अगाडी बढ्नेछ। उत्पादनको परिणाम अनुसार रैथाने बालीको संकलन गरी विक्री प्रक्रिया र बजारीकरण हुने भएको छ। यसले नितान्त कृषकहरुलाई सहयोग, कृषिमा आधारित रोजगारी सृजना, रैथाने बालिको संरक्षण तथा प्रवर्द्धन हुनेछ। रैथाने खाद्यान्न बालीको परिमाण र दर भने जिल्ला स्तरमा निर्धारण हुनेछ।

## दलित...

तालिमका मुख्य प्रशिक्षक रुपा गहतराजले तालिम सहजीकरणमा कान्तिपुर संवाददाता रुपा गहतराजले पनि महिलाको सशक्तिकरणका लागि यस्ता तालिमको भूमिका महत्वपूर्ण रहेको बताइन। उनले महिलाको सशक्तिकरण केवल व्यक्तिगत लाभका लागि नभई समग्र समाजको प्रगतिको लागि पनि महत्वपूर्ण रहेको बताएकि छिन्।" नेपाल पत्रकार महासंघ लुम्बिनी प्रदेशकी सचिव सरला सुवेदीले तालिमको सहजीकरण गर्दै महिलाको नेतृत्व विकासका लागि यस्ता कार्यक्रमहरूको निरन्तरता आवश्यक रहेको बताइन्। "यो तालिम महिलाहरूको सीप र क्षमतामा वृद्धि गर्न महत्त्वपूर्ण छ। यस्तो प्रकारको सहभागिताले समाजमा सकारात्मक परिवर्तन ल्याउन मद्दत गर्दछ," उनले भनिन्। संगम मिडिया हबका सञ्चालक हेमन्त विकले कार्यक्रमको महत्वबारे प्रकाश पार्दै भने, "महिलाहरूको सशक्तिकरणले केवल उनीहरूको व्यक्तिगत विकास मात्र होइन, समाजको आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरणमा पनि योगदान पुऱ्याउँछ।" कार्यक्रममा ५० जना दलित महिलाहरू सहभागी थिए। सहभागीहरूले यस्ता कार्यक्रमले उनीहरूको समस्या उठान र समाधानको उपाय पहिचान गर्न प्रेरित गरेको अनुभव व्यक्त गरे। महिलाहरूले भने, "हामीले विगतमा शिक्षाको अभाव, आर्थिक असुरक्षा र सामाजिक विभेदका कारण धेरै समस्या झेल्यौं। यस्ता तालिमहरूले हामीलाई हाम्रो आवाज उठाउन र समाधानका उपायहरू खोज्न सक्षम बनाउँछ।" सहभागीहरूले सिपमूलक, आयआर्जनमूलक तालिमहरू, र शिक्षामा पहुँचका कार्यक्रमहरूको माग गरे। सामाजिक रूपान्तरणका लागि दलित महिलाहरूले सुझाव दिएका समाधानहरूमा समुदाय स्तरमा सचेतना कार्यक्रम, उद्यमशीलता तालिम, महिला समूह गठन, र स्थानीय सरकारसँग समन्वय गरी आयआर्जनको अवसरहरू सिर्जना गर्न जोड दिए। कार्यक्रमको सन्चालन धना केसी र पवित्रा परियारले गरेका थिए। तीन दिनसम्म सञ्चालन भएको तालिमले महिलाहरूको आत्मनिर्भरता, नेतृत्व क्षमतामा सकारात्मक योगदान गरेको विश्वास गरिएको छ। सहभागीहरूले व्यक्त गरेका सुझाव र मागहरूलाई आधार मानेर आगामी दिनमा अझ बढी प्रभावकारी कार्यक्रमहरू सञ्चालन गरिने आयोजकहरूले बताएका छन्। यस प्रकारका तालिमहरूले न केवल दलित महिलाहरूलाई सशक्त बनाउँछन्, तर समग्र समाजलाई नै समानता मूलक र न्यायपूर्ण दिशातर्फ अघि बढाउन प्रेरणा प्रदान गर्छन्।

धुम्रपान तथा सुर्तीजन्य पदार्थ सेवनका असर

- दम, निमोनिया, ब्रोन्काईटिसजस्ता श्वासप्रश्वाससम्बन्धी समस्या देखा पर्ने,
- बारम्बार रुघाखोकी लाग्ने,
- कानको संक्रमण भई श्रवण शक्ति कम हुने,
- क्यान्सरको सम्भावना बढ्ने भएकोले,

धुम्रपान तथा सुर्तीजन्य पदार्थको सेवन आफू पनि नगरौं, अरुलाई पनि गर्नबाट निरुत्साहित गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# विपन्न र दलित महिलालाई अनुदान

■ नमस्ते समचारदाता
सुर्खेत, पुष/२७




सुर्खेतका दुई पालिकामा चार वर्षको अवधिमा विपन्न वर्गलाई आयआर्जन गरी स्वरोजगार बनाउन २२ लाख रुपियाँभन्दा बढी रकम अनुदान दिइएको छ। दलित महिला सङ्घ सुर्खेतले जिल्लाका वीरेन्द्रनगर र भेरीगङ्गा नगरपालिकाका ३८ जना दलित, विपन्न दलित महिलालाई २२ लाख ६० हजार रुपियाँ नगद अनुदान दिएको हो। नेपालमा दलित महिला र किशोरीको मानव अधिकार प्रवर्धन परियोजनाबाट उनीहरूलाई २०७८ देखि बिउपुँजी तथा अनुदान रकम दिइएको हो। उक्त रकमबाट दलित तथा विपन्न महिलाले स्थानीयस्तरमा उद्यमी बनी आत्मनिर्भर बन्ने कोसिस गरिरहेका छन्। धेरै जसो रकम कुखुरापालन, फ्रेस हाउस, घुम्ती पसल, बाख्रापालनमा लगानी गरिएको छ। सुरुमा प्रतिव्यक्ति २० हजार, त्यसपछि ४२ हजार रुपियाँ अनुदान दिइएको थियो। त्यसपछि घुम्ती कोषबाट प्रतिव्यक्ति २५ हजारका दरले र पछिल्लो समय बिउपुँजी भनी प्रतिव्यक्ति ३५ हजार रुपियाँका दरले अनुदान दिइएको दलित महिला सङ्घका सचिव खगिसरा वलीले बताउनुभयो। रकम वितरणअघि समूहमा आबद्ध विपन्न महिला छनोट गरी दिने गरिएको छ। एक व्यक्तिले छ महिनाभित्र आफूले लिइसकेको रकम फिर्ता गरेर अर्को सदस्यलाई दिनुपर्ने हुन्छ। संस्थाबाट लिइएको रकम लगानी गरेपछि सदुपयोग भएको छ/छैन भनेर बेला बेलामा अनुगमन पनि गर्ने गरिएको सचिव वलीले बताउनुभयो। अहिलेसम्म गरिएको लगानी धेरैले सदुपयोग गरेको उहाँको दाबी छ। रकम दिनुअघि संस्थाले उनीहरूलाई उद्यम तालिम, योजनालगायतका सिप प्रदान गर्ने गर्छ। लगानी नडुबोस् भनेर उद्यमी बन्न सिकाउने, व्यापार योजना बनाउन सिकाउने र त्यसपछि समूहमार्फत रकम दिई उद्यमी बन्न प्रेरित गर्ने गरेको उहाँको भनाइ छ। वीरेन्द्रनगर नगरपालिकाका उपप्रमुख नीलकण्ठ खनालले सङ्घ संस्थाले गरेको लगानीको बेला बेलामा अनुगमन गरिरहेको र आगामी दिनमा पनि यसलाई निरन्तरता दिइनुपर्ने सुझाव दिनुभयो। उहाँले महिलाले लिएको रकम खेर नजाने भन्दै कुनै पनि सरकारी वा गैरसरकारी संस्थाबाट लिइएको रकम सदुपयोग गर्न आग्रह गर्नुभयो। नगरपालिकाले पनि दलित, विपन्नलाई उद्यमी बनाउन विभिन्न कार्यक्रम र बजेट तर्जुमा गरेको जानकारी दिँदै त्यस मार्फत पनि आत्मनिर्भर बनाउन लागिएको उल्लेख गर्नुभयो। वीरेन्द्रनगर नगरपालिका-१ की लक्ष्मी विकले घुम्ती पसल गरिरहनुभएको छ। संस्थाबाट पाएको अनुदानले घुम्ती पसल सञ्चालन गरेको र त्यसमा पुनः थप गरी पसल विस्तार गर्ने योजना रहेको उहाँले बताउनुभयो। यसैबिच बुधबार वीरेन्द्रनगर नगरपालिकाका पाँच जना विपन्न महिलालाई बिउपुँजी रकम भनी प्रतिव्यक्ति ३५ हजारका दरले रकम दिइएको छ। बिहीबार भेरीगङ्गा नगरपालिकाका पाँच जनालाई सोही बराबरको रकम प्रदान गरिने दलित महिला सङ्घकी सचिव खगिसरा वलीले बताउनुभयो। यस रकमबाट उद्यम विकास गरी आयआर्जन गर्न सघाउने उद्देश्यले सो रकम प्रदान गरिएको उहाँको भनाइ छ।

# शाहीका सहयोगी नेतामाथि बहिनी बलात्कारको आरोप

■ नमस्ते समचारदाता
रुकुमपश्चिम, पुष/२७



वाइडबडी जहाज खरिद प्रकरणमा अदालतबाट सफाइपछि कांग्रेस नेता एवम् पूर्वपर्यटनमन्त्री जीवनबहादुर शाही यतिबेला कर्णालीका विभिन्न जिल्लामा कार्यकर्ता भेटघाट गर्दै हिँडिरहेका छन्। आफ्नो गृहजिल्ला हुम्लाबाट शुरु भएको शाहीको स्वागतको लस्कर जाजरकोट, रुकुम पश्चिम हुँदै सल्यानसम्म पुगेको छ। यही लस्करमा मिसिएका छन् शाहीका सहयागी केन्द्रीय सदस्य मान बहादुर नेपाली। रुकुम पश्चिमको आठबिसकोट नगरपालिका निवासी नेपाली गृहजिल्ला आउँदा भने कार्यकर्ता र आफन्तबाटै बहिष्कृत मात्र भएन जीवन बहादुर शाहीलाई लज्जाश्पद बनाइदिए। शनिबार कांग्रेस केन्द्रीय कार्यसम्पादन समितिका सदस्य एवम् कर्णाली प्रदेश सरकारका पूर्वमुख्यमन्त्री जीवन बहादुर शाहीसँगै गृह नगर आठबिसकोट पुगेपछि उनलाई आफन्त र कार्यकर्ताले गरेको सत्तोसराप यतिबेला रुकुममा भाइरल बनेको छ। राष्ट्रिय दलित आयोगको पूर्व अध्यक्ष समेत रहेका तिनै मानबहादुर नेपालीकै बहिनी-ज्वाइँ यज्ञ बहादुर परियारले सामाजिक सञ्जाल फेसबुकमा आफ्नो जेठान अन्तर्राष्ट्रिय दलाल र मानव तस्कर भएको भन्दै गाली गरेका छन्। उनले विदेश पठाइदिने बहानामा आफू लगायत दर्जनौं युवाको लाखौँ रकम कुम्ल्याएर घर न घाटको बनाएको जनाएका छन्। ३ वर्षदेखि पैसा खाएर भागेका नेपाली जहाँ भेटिन्छ त्यहीँ अन्त्य गर्नलाई कफन बाँधेर हिँडेको भन्दै ज्वाइँ परियारले आक्रोश पोखेका छन्। उनले कांग्रेस नेता नेपालीलाई प्रश्न गरेका छन्, 'आफ्नै बहिनीको नैतिकतामाथि बलात्कार गरिहिँड्नेले अरूको झन् के बाँकी होला र ?' बहिनी ज्वाइँले मात्रै हैन आठबिसकोटको राडीमा भएको खुला आमसभामा समेत कांग्रेसकै कार्यकर्ताले नेपालीलाई सत्तोसराप गरेको स्थानीयले बताएका छन्। नेपाली अतिथि बनेर स्टेजमा विकास निर्माण, कांग्रेसको योजनाको भाषण गरिरहँदा सहभागीको अन्तिम तिर रहेका कार्यकर्ताले यो अपराधी हो, ठग, हो भन्दै विरोध जनाएका थिए। उनीहरूले दर्जनौं सर्वसाधारणको रकम विभिन्न बहानामा पचाएको र वर्षौदिनसम्म पनि बेवास्ता गरेको भन्दै राजनीतिक आडमा लुटको धन्दा चलाएको आक्रोशमा 'हो माथि हो' मिसाएका छन्। यसैगरी, नेता नेपालीका भाइ पनि मानव तस्करी गर्ने गिरोहमा संलग्न भएको पाइएको छ। उनका भाइ निराजन नेपालीलाई अमेरिकाको सपना देखाएर मानव बेचबिखन गरेको गर्ने आरोपमा प्रहरीले इन्टरपोलको सहयोगमा पक्राउ गरेको छ। निराजनलाई युएईबाट पक्राउ गरेर नेपाल ल्याइएको मानव बेचबिखन अनुसन्धान ब्युरोका एसपी भावेश रिमालले बताएका छन्। अमेरिकामा ६ लाखसम्म तलब हुन्छ भनेर पीडितलाई उनले दुबईमा लगी बन्धक बनाएको आरोप छ। एक जाहेरवालासँग उनले रु १४ लाख ८० हजार रूपैयाँ लिएको प्रहरीको भनाइ छ। सोही आरोपीविरुद्ध इन्टरपोलले रेड नोटिस जारी गरेको थियो। निराजनलाई मंसिर २५ गते काठमाडौँ ल्याएर अनुसन्धान भइरहेको एसपी रिमालले जानकारी दिए। उनको गिरोहमा आबद्ध ४ जना फरार रहेको प्रहरीको भनाइ छ। अमेरिकाको सपना देखाएर उनीहरूले ८० लाखसम्म लिने गरेको गुनासो पीडितहरूको छ। निराजन नेपालमा रहँदा कांग्रेस नेता तथा दाइ मान बहादुरको संरक्षण रहने गर्थ्यो।

# फोहोरले सदरमुकाम दुर्गन्धित

■ नमस्ते समचारदाता
जाजरकोट, पुष/२७



जिल्ला सदरमुकाम खलङ्गा बजार यतिबेला दुर्गन्धित बनेको छ। भेरी नगरपालिका-३ र ४ का सर्वसाधारण र व्यापारीले जथाभाबी फोहोर फालेपछि दुर्गन्धित भएको हो। भेरी नगरपालिकाको सदरमुकाम भित्रको फोहोर सङ्कलन गरे पनि एक महिनामा एक पटक फोहोर उठाउन आउने गरेकाले घर, भान्सा, पसलबाट निस्केको फोहोर जथाभाबी फाल्दा दुर्गन्ध बढेको हो। व्यापार व्यवसाय गर्दै आएका सर्वसाधारणले फोहोरमैला व्यवस्थापनमा ध्यान नदिएपछि घरछेउमै फाल्दा रोगको प्रकोप फैलिने चिन्ता समेत बढेको छ। भेरी नगरपालिका-४, शान्तिचौतारा, गैरीखाली क्षेत्र व्यापारिक केन्द्र जिल्ला प्रहरी कार्यालयको नजिक जाजरकोटदेखि पाँचकाटिया हुँदै कुसेका लागि गाडी छुट्ने बजार क्षेत्रभन्दा करिब ५० मिटरको दुरीमा फोहोर फाल्न थालेपछि यात्रु मुख छोपेर बस्नुपर्ने बाध्यता छ। भेरी नगरपालिका-४ का भरतकुमार श्रेष्ठका अनुसार सरोकारवाला निकायको मौनताका कारण स्थानीय व्यापारी र सर्वसाधारणले मनपरी गरेको बताउनुभयो। नगरपालिका बजार क्षेत्रको सडक, फोहोरमैला व्यवस्थापनका लागि सहयोग गर्ने स्थानीय सरकारले आवाज नउठाउँदा जथाभाबी गर्न थालेका छन्। स्थानीय व्यापारीको मनोमानीका कारण बजार दुर्गन्धित बन्दै गएको छ। भेरी नगरपालिका-२ का बिर्ख बहादुर कार्कीले व्यापारी तथा सर्वसाधारणले जथाभाबी फोहोर फाल्दा बजार क्षेत्र दुर्गन्धित हुनुका साथै नजिकैको पहिरोमा लगेर फाल्दा खेतबारीमा प्लास्टिक तथा फोहोरले ढाक्ने गरेको बताउनुभयो। उहाँले स्थानीय सरकारले जथाभाबी फोहोर फाल्नेलाई जरिबाना गर्नुपर्ने बताउनुभयो। बजार सडक बाटोमा जनताले जथाभाबी फोहोर गर्दै हिँडे पनि बेवास्ता गर्ने गरेका छन्। भेरी नगरपालिका-४ का मोहन खड्काले जनताले जथाभाबी फोहोर गरे पनि सरोकारवाला निकाय र जनप्रतिनिधिको मौनताका कारण समस्या आउने गरेको बताउनुभयो। सजिलोका लागि जथाभाबी आफूले फालेको फोहोरले आफ्नै स्वास्थ्यलाई असर गर्ने भएकाले नियमनकारी निकायको मौनताले गर्दा समस्या निम्तिने बताउनुभयो। सफा सुन्दर नगरपालिका निर्माणको लक्ष्य लिएको भेरी नगरपालिकाले जथाभाबी फोहोर गर्ने व्यक्ति, व्यापारीलाई कारबाही र जरिबाना गरेपछि फोहोर फाल्ने क्रम घट्दै गएको छ।

## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

राप्ती सोनारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अगैया, बाँके

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
ताँजाकोट गाउँपालिका
हुम्ला

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके